प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
राजविराज, सप्तरी

फोन नं. ०३१-५२००५०
Email : akcsaptari@gmail.com, dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

# चुरे क्षेत्रमा थोपा सिंचाई प्रणालीको लागी सूचना

## दोश्रो पटक प्रकाशित मिति २०७७।०१।२६

यस कृषि ज्ञान केन्द्र, सप्तरीको आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार थोपा सिंचाई प्रणाली कार्यक्रम संचालन गर्न मिति २०७६।१२।०९ मा प्रथम पटक सूचना प्रकाशित भई कोरोना भाइरस द्वारा सृजित लकडाउनको कारणले कृषकहरुले आवेदन दिन नसकेको हुंदा यस ज्ञान केन्द्रको मिति २०७७।०१।२६ को निर्णय अनुसार पुनः यो सूचना प्रकाशन गरेको व्यहोरा जानकारी गराउदै उक्त कार्यक्रम १५ % लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था/ कृषि उत्पादनमा संलग्न निजी फर्म/ उद्यमीहरुले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले १५औं (पन्द्र दिन) भित्र अर्थात मिति २०७७।०१।२६ गते देखि २०७७।०२।०९ गते सम्ममा लकडाउनको नियमलाई पालन गर्दै, सामाजिक दुरी कायम राख्दै, जैविक सुरक्षाका उपायहरु अवलम्वन गर्दै अनिवार्य रुपमा मास्कको प्रयोग गरी यस ज्ञान केन्द्रमा कार्यालय समय भित्र तप्रसिल बमोजिमका कागजातहरु संलग्न राखि खाम बन्दी प्रस्ताव/ आवेदन दर्ता गर्नु हुन अहान गरिन्छ । रित्त नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्ताव / आवेदनका लागि थप जानकारी लिन सूचना प्रकाशन गर्ने ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिन्छ ।

<u>संलग्न गर्नु पर्ने कागजातहरुः-</u>

- अनुसूची २ बमोजिमको आवेदन साथ रु १०/- को टिकट सहित रु. ३००/- बुझाएको नगदी रसिद बुझाउनु पर्ने छ ।
- आवेदकको (व्यक्तिको हकमा )नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- आवेदकको (समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा) दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि र आवेदकको (सहकारी संस्था र फर्म कम्पनिको हकमा) स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि ।
- मांग गरेको थोपा सिंचाई हुने जग्गाको जग्गाधनी प्रमानपुर्जा (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत ।
- मांग गरेको थोपा सिंचाई हुने जग्गा नक्शाको ब्लू प्रिन्ट/कम्पुटर प्रिन्ट ।
- समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि ।
- समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र ।
- आफ्नै/ संस्थाको खर्चमा स्यालो ट्यूवेल जडान गरि सकेका कृषक/ उपभोक्ताहरुले विधुतिय मोटर वा डिजल इन्जिन पम्पसेट तथा अन्य सिंचाई सामग्रीहरु माग गर्न सकिने छ ।
- स्यालो ट्यूवेलको लागि आवेदन अन्तिम दिन मात्र दर्ता गराउने परमपराले गर्दा भिडभाड बढ्ने र आवेदन दर्ता गराउन छुट हुने सम्भावना रहेकोले भिडभाड हुन नदिन अन्तिम समय सिमा भन्दा अगाडीनै निवेदन दर्ता गराउनु पर्ने छ ।
- इनारको हकमा समूह/ सहकारी संस्थाहरु मात्र अनुदानको लागि योग्य हुने छ ।

<u>अनुदानका सर्तहरुः-</u>

१) थोपा सिंचाईबाट सिंचाई पुर्याउने खेती योग्य जग्गाको हकमा १५० मि. अर्धव्यास भित्र २ विघा तरकारी, खाद्यान्न वाली, १.५ विघा माछापालन र कृषि/ कृषि वन नर्सरी १० कट्ठा हुनु पर्ने ।

२) थोपा सिंचाईको लागी विधुतिय मोटर/ पम्पसेट पाईप, इनार, प्लास्टिक पोखरी र टंकी निर्माणको लागि अनुदान दिनेछ साथै आवश्यक सामग्री निर्माण खर्च बढीमा ८५% अनुदानमा दिईनेछ ।

३) सहकारी र संघको हकमा स्थाई लेखा नं. हुनु पर्ने छ ।

४) थोपा सिंचाईको लागी आवेदन दिने व्यक्ति/ संस्था/ फर्मले ईस्टिमेट बमोजिमको १५% रकम आयोजना छनौटमा परे पछि सम्झौताको समयमा राष्ट्रिय बाणिज्य बैंक, राजविराज स्थित प्रदेश लेखा ईकाइको कार्यालय सप्तरीको विविध खाता नं. २१८०५०३०००००० मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

..............................
राजेन्द्र प्रसाद यादव
(दशौं तह)
प्रमुख